आज मिति २०७६/०६/१२ गते प्रमुख जिल्ला अधिकारी श्री लीलाधर अधिकारीज्यूको अध्यक्षतामा देहायका पदाधिकारी-हरुको उपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक मधुवन नगरपालिका वडा नं ३ कार्यालय बालकुमारीमा सम्पन्न भयो।

## उपस्थिति

अध्यक्ष : श्री लीलाधर अधिकारी, प्र. जि. अ.
सदस्य : श्री गणेश ब. के.सी., नगर प्रमुख, मधुवन न.पा
" : श्री केदार रजौरे, प्र.उ., जि.प्र.का., बर्दिया
" : श्री भिम ब. चौधरी, ना.प्र.उ., स.प्र.ब. ३१ ग
" : श्री राधेश्याम बिष्ट, सह-सेनानी, भैरव प्र. गण गुल्म
" : श्री द्रोणराज शर्मा, सहायक वन अधिकृत, डि.व.का
: श्री असिम थापा मगर, सहायक संरक्षण अधिकृत ब.रा.
: श्री नारायण मल्ल, वडाध्यक्ष, वडा नं ३, मधुवन न.पा
: श्री पाहाडी थारु, " " २, " "
: श्री सन्तोष चौधरी, सहायक वन अधिकृत डि.व.का
: श्री संजिव गुप्ता, नि.प्र.स.अ., ब.रा.नि.
: श्री मोहन चौधरी, वडा सदस्य, वडा नं ३, मधुवन न.पा
: श्री हेम ब. चौधरी " " "
: श्री राजन गौतम, प्र.नि., इलाका प्र.का., गोडरी
: श्री यामनाथ घिमिरे, पत्रकार, लुम्बिनीपत्र रा.नि.
: श्री हरि गुरुङ, रेडियो टाइगर, पत्रकार
: श्री नारायण प्र. ढकाल, प्र.अ., जि.प्र.का.
: श्री भिमबहादुर वलि, स.नि., B.O.P. भंगौरा
: श्री कलराम थारु, वन रक्षक, डि.व.का. कार्यालय
: श्री बलिराम चौधरी, सामुदायिक वन समन्वय समिति,

निर्णय नं. १

मिति २०७७/०७/११ गतेका दिन मधुवन नगरपालिका-३ धनौरा मुक्तकमैया बस्ती निवासी रमेश थारु र ऐ. ऐ. बस्ने दिनेश थारुलाई बेलझोण्डी सामुदायिक वन क्षेत्रमा जंगली जनावर बाघले आक्रमण गरी निजहरुको घटनास्थलमा नै मृत्यू हुन गएको हुंदा मृत आत्माको चिर शान्तिको कामना गर्दै मृत्यूको यस घडीमा शोक सन्तप्त परिवार जनमा गहिरो शोक समबेदना ब्यक्त गरियो ।

निर्णय नं. २

मधुवन नगरपालिका वडा नं.३ को अधिकांश भु-भाग भारतिय सिमाना वन क्षेत्रसंग जोडिएको र उक्त क्षेत्रमा पटक-पटक बाघले मानिसलाई आक्रमण गरी मृत्युबरण गर्नु परेको यस बिषम परिस्थितिमा आगामी दिनमा मानबिय क्षति नहोस भन्नका उक्त नरभक्षी बाघको पहिचान गरी भारतिय समकक्षी सुरक्षा निकाय, वनसंग संबन्धित निकायसंग समन्वय, सहकार्य गरी आवश्यक पर्ने साधन, श्रोत, जनशक्तिका लागी बर्दिया राष्ट्रिय निकुञ्जसंग सहयोग लिई/माग गरी उक्त बाघलाई नियन्त्रणमा लिई खाता जैबिक मार्गबाट यथाशक्य छिटो सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तर्फ तत्काल आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.३

माथी निर्णय नं. १ मा नाम,नामेशी उल्लेख भएका ब्यक्तिहरुको आश्रीत परिवारलाई वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ बमोजिमको राहत रकम उपलब्ध गराउनका लागी डिभिजन वन कार्यालय, बर्दियाले प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.४

मानब-वन्यजन्तु द्वन्द न्युनिकरण गर्नका लागी वन्यजन्तुबाट आक्रमण हुनसक्ने संभाबित क्षेत्रमा मधुवन नगरपालिका, डिभिजन वन कार्यालय बर्दिया, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, मधुवन नगरपालिका ३ नं. वडा कार्यालय र खाता सामुदायिक वन समन्वय समितिले सचेतनाका बिभिन्न कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।